**यो आकाशवाणी हो।**
**समाचार तुलसा शर्माबाट सुन्नुहोस्।**

**मुख्य समाचार।**

- प्रधानमन्त्रीद्वारा युवाहरूलाई वितरण हुनेछ नियुक्ति पत्र
- युवा आपदा मित्र योजना अन्तर्गत दुई लाख सैँतिस हजार भन्दा अधिक स्वयंसेवकलाई प्रशिक्षित गराइने
- श्रीलंकामा, तेह्र हजार भन्दा धेरै मतदान केन्द्र र दुई हजारभन्दा धेरै मतगणना केन्द्र बनाइने चुनाउ आयोगले गऱ्यो घोषणा
- सतरकता जागरूकता सप्ताह दुई हजार चौबीसको विषय – **राष्ट्रको समृद्धिका लागि सत्यनिष्ठाको संस्कृति,** अनि
- राष्ट्रीय राजधानी दिल्लीका केही भागमा पानीको समस्या

**प्रधानमन्त्री रोजगार मेला**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोली भीडीयो सम्मेलनको माध्यमद्वारा नव-नियुक्त युवाहरूलाई एकाउन्न हजार भन्दा धेरै नियुक्ति पत्र वितरण गर्नुहुनेछ। रोजगार मेला देशको चालीसबटा स्थानमा आयोजित गरिनेछ। नियुक्ति पत्र प्राप्त गर्ने युवा विभिन्न मन्त्रालय र विभागमा केन्द्र सरकारको पदमा नियुक्त हुनेछन्। रोजगार मेलाले रोजगार सृजनालाई प्राथमिकता दिने प्रधानमन्त्रीको वचनबद्धतालाई दर्शाउछ। यो मेलाले राष्ट्र निर्माणमा योगदान दिनका लागि रोजगारको अवसर संगै युवालाई सशक्त बनाउनेछ। नवनियुक्त **युवाहरूलाई आई गट कर्मयोगी पोर्टलमा** उपलब्ध अनलाइन module कर्मयोगी प्रारम्भद्वारा आधारभूत प्रशिक्षण लिने अवसर मिल्नेछ। यस पोर्टलमा चौध सय भन्दा अधिक ई- learning पाठ्यक्रम उपलब्ध छ। यो पाठ्यक्रमले युवाहरूलाई आफ्नो कार्य प्रभावशाली तरीकाले गर्न आवश्यक कौशल सिकाउने र विकसित भारतको निर्माणको दिशामा कार्य गर्नका लागि तयार गर्नेछ।

## युवा आपदा मित्र योजना

युवा आपदा मित्र योजना अन्तर्गत राष्ट्रीय केडेट कोर, नेहरू युवा केन्द्र संगठन, राष्ट्रीय सेवा योजना र Bharat Scouts and Guides – का दुई लाख सैँतिस हजार भन्दा धेरै स्वयंसेवकलाई प्रशिक्षित गरिनेछ। केन्द्रीय गृह सचिव श्री गोविन्द मोहनले राष्ट्रीय आपदा प्रबन्धन प्राधिकरणको बीसौं स्थापना दिवस समारोहमा आज नयाँ दिल्लीमा यस योजनाको शुभारम्भ गर्नुभयो। यस योजनाको उद्देश्य सामुदायिक स्वयंसेवकलाई आपदाको तयारी र प्रतिक्रियाका लागि प्रशिक्षित गर्नु हो। यस अवसरमा श्री मोहनले भन्नुभयो, यसले पचास प्रतिशत महिलालाई प्रशिक्षित गर्ने लक्ष्य राखेको छ। उहाँले भन्नुभयो आउने समयमा यो युवा आपदा मित्र समाजको प्रथम पंक्ति रक्षक बन्नका लागि तयार हुनेछ। यो वर्ष जुलाईमा केन्द्रीय गृह मन्त्री श्री अमित शाहले चार सय सत्तरी करोड़ रुपियाँ भन्दा धेरै अधिकको लागतले युवा आपदा मित्र योजनाको प्रस्तावलाई स्वीकृती दिनुभएको थियो, जसलाई देशका तीन सय पन्ध्र आपदा संभावित क्षेत्रमा लागू गरिनेछ।

## सतर्कता जागरूकता सप्ताह

सार्वजनिक जीवनमा सत्यनिष्ठालाई बढावा दिन र भ्रष्टाचार मुक्त समाजको लक्ष्य हासिल गर्नका लागि आजदेखी पूरा देशमा सतर्कता जागरूकता सप्ताह दुई हजार चौबीस मनाइदैछ। यो सप्ताहको विषय छ – **राष्ट्रको समृद्धिका लागि सत्यनिष्ठाको संस्कृति**। यो सप्ताह शासन र जन प्रशासनमा पारदर्शिता अनि नीतिको आवश्यकतालाई लिएर व्यापक संवेदनशीलता सृजित गर्नका लागि मनाइन्छ। यो सप्ताहको शुभारम्भ मन्त्रालय, विभाग, सार्वजनिक क्षेत्रको उपक्रम, बैंक र अन्य सबै संस्थानका कर्मचारीहरूद्वारा शपथ ग्रहणका साथ भयो।

यस सप्ताहमा भ्रष्ट कार्य प्रणालीका विरूद्ध जागरूकताको प्रसार गर्नका लागि केही कार्यक्रम आयोजित गरिनेछ। । भारत रत्न स्वर्गीय सरदार वल्लभ भाई पटेलको जयन्ती सप्ताहको स्मरणमा प्रत्येक वर्ष सतर्कता जागरूकता सप्ताह मनाइन्छ।

**जापान प्रधानमन्त्री - चुनाव परिणाम**

जापानका प्रधानमन्त्री श्री **शिगेरू इशिबा**-ले आज भन्नुभएको छ , उहाँ कार्यालयमा रहनुहुनेछ र राजनीतिक बाधा उत्पन्न हुन दिनुहुनेछैन। । श्री इशिबाले आकस्मिक चुनावको एक दिनपछि संवाददातालाई जापानको रक्षा गर्दै जनताको रक्षा गरेर आफ्नो duty पूरा गर्न चाहानुभएको बताउनुभयो । उहाँले आफ्नो सत्तारूढ़ गठबन्धनका लागि सन्देह, अविश्वास र funding घोटालामा आक्रोशलाई भयानक चुनाव परिणाम मिल्नमा जिम्वेबार ठहराउनुभयो । उहाँले भन्नुभयो, उहाँले कोष र राजनीतिको मुद्दासंग संबन्धीत बुनियादी सुधारमा कार्य गर्नुहुनेछ । चार सय पैँसट्ठी सीटको संसदमा लिबरल डेमोक्रेटिक पार्टी- एल.डी.पी र उहाँका सहयोगी कोमिटो-लाई कुल दुई सय पन्ध्र सीट मिलेको छ । जबकि बहुमतका लागि दुइ सय तेत्तिस सीटको आवश्यकता छ । एल.डी.पी –ले एक्लै एक सय एकानब्बै सीट जीतेको छ भने चुनाव भन्दा पहिला यसको दुई सय सैतालीस सीट थियो । यसको विपरीत मुख्य विपक्षी Constitutional Democratic Party ले पहिलाको अन्ठानब्बे सीटले महत्वपूर्ण वृद्धि दर्ता गर्दै एक सय अठचालीस सीट जीतेको छ ।

**आम चुनाव-श्रीलंका**

श्रीलंकामा, आगामी चुनावका लागि तेह्र हजार भन्दा धेरै मतदान केन्द्र र दुई हजारभन्दा धेरै मतगणना केन्द्र बनाइने चुनाव आयोगले घोषणा गरेको छ। श्रीलंकामा चौध नवेम्बरमा चुनाव

हुनेछ । नवनिर्वाचित राष्ट्रपति **श्री अनुरा कुमारा दिसा नायकेले** गत महीना सदनलाई भंग गरेपछि यो चुनाव हुँदैछ। सरकारी कर्मचारीहरूका लागि पोस्टल भोटीङ यस महीनाको तीस तारीख अनि अगिलो महीनाको एक र चार तारीख हुनेछ।

**असम - उपचुनाव**

असममा पाँचबटा विधानसभा सीटमा उपचुनावका लागि आज नामाङ्कन पत्रको जाँच गरियो। राज्यमा **ढोलाई, सामागुरी, बेहाली,** sirli र बोङ्गाई गाउँ निर्वाचन क्षेत्रमा हुने उपचुनावका लागि अठतिस जना उम्मेदवारले नामाङ्कन पत्र बुझाएका छन् । हाम्रा संवाददाताले दिएको जानकारीअनुसार सत्तारूढ भाजपाले तीन सीटमा , **यू.पी.पी.एल र असम गण परिषदले** एक-एक सीटमा नामाङ्कन दर्ता गरेको छ । विपक्षी कांग्रेसले सबै पाँच सीटमा आफ्नो उम्मेदवार उतारेको छ । आम आदमी पार्टीले दुई र Bodoland People's Front -ले एक सीटका लागि नामाङ्कन दर्ता गरेको छ। मतदान अगिलो महीनाको तेह्र तारीख हुनेछ।

**दिन झारखण्ड - जाँच**

झारखण्डमा विधानसभा चुनावको पहिलो चरणका लागि नामङ्कन पत्रको जाँच भयो। यस चरणका लागि आठ सय पाँच उम्मेदवारले नामाङ्कन दर्ता गरेका छन् । उम्मेदवारले तीस अक्टूबर सम्म आफ्नो नामाङ्कन फिर्ता लिन सक्नेछन् । यस चरणमा तेह्र नवेम्बरमा त्रिचालीस सीटमा मतदान हुनेछ। भोटको गणना तेइस नवेम्बरमा हुनेछ। विधानसभा चुनावको घोषणापछि राज्यमा खोजी अभियानमा सन्ताउन्न करोड़ सतसट्ठी लाख रुपियाँ भन्दा अधिकको अवैध सामग्री र नकदी जब्त गरिएको छ । आदर्श आचार संहिताको उल्लङ्गनलाई लिएर उन्नाइस प्राथमिकी दर्ता गरिएको छ।

**दिल्ली जल संकट**

राष्ट्रीय राजधानी दिल्लीको केही भागमा पानीको कमीको समस्या भएको छ। यमुना नदीमा अमोनियाको मात्रा धेरै भएकाले शुक्रवार सम्म केही भागमा जलापूर्ति प्रभावित रहनेछ। । दिल्ली जल बोर्डले भनेको छ, अमोनियाको अधिक मात्राका कारण भगीरथी र सोनिया विहार जल उपचार संयन्त्रमा पानीको उत्पादन तीस प्रतिशत सम्म कम गरिएको छ भने दिल्ली सरकारले जनतालाई पानीको उचित उपयोग गर्ने आग्रह पनि गरेको छ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीद्वारा युवाहरूलाई वितरण हुनेछ नियुक्ति पत्र
- युवा आपदा मित्र योजना अन्तर्गत दुई लाख सैँतिस हजार भन्दा अधिक स्वयंसेवकलाई प्रशिक्षित गराइने
- श्रीलंकामा, तेह्र हजार भन्दा धेरै मतदान केन्द्र र दुई हजारभन्दा धेरै मतगणना केन्द्र बनाइने चुनाउ आयोगले गर्‍यो घोषणा
- सतरकता जागरूकता सप्ताह दुई हजार चौबीसको विषय – **राष्ट्रको समृद्धिका लागि सत्यनिष्ठाको संस्कृति**, अनि
- राष्ट्रीय राजधानी दिल्लीका केही भागमा पानीको समस्या